# मरिण गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

३ नं. प्रदेश, नेपाल

## आन्तरिक आयतर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**(ढुङ्गा, बालुवा, गिट्टी एवं रोडा विक्रि र संकलन शुल्क)**

प्रथम पटक प्रकाशित मिति : २०७६/०७/०४

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ को घ (६) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका अन्तरिक आय संकलनको (ठेक्काबन्दोबस्त) कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र गाउँ कार्यपालिकाको निर्णय अनुसार उल्लेखित न्यूनतम् ठेक्का अंकमा नघट्ने गरी आ.व. ०७६/०७७ (जेष्ठ मसान्त सम्म) को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा इच्छुक दर्ता वाला फर्म (अनिवार्य रुपमा मू.अ. कर र पानमा दर्ता भएका) हरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित अनुसार कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र यस कार्यलयमा दर्ता गर्न हुन अनुरोध छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का सम्बन्धी विवरण | संकलन र विक्रिगर्न पाउने अधिकतम परिमाण (वार्षिक) क्यु. फिट | घाट गद्दि संकलन र विक्रिगर्न दर सहित प्रति क्यु. फिटको रू | संकलन तथा वक्रि शुल्क बापतहुने कुल न्युनतम अंक (भ्याट र कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अन्तिममिति | वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०७६/७७ | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् संकलन तथा विकी वितरण | ५५५५५५.५४ | ९ | ५०,००,०००।- रुपैया पचास लाख मात्र | ३,०००।- | कुलकवोल अंकको ५ प्रतिसतले हुनआउने नगदै र कम वा कम्तिमा ९० दिन म्याद भएको बैक जमानत | ३० औ दिनकार्यालय समय भित्र सो दिन सार्वजनिकविदा परेमा सोको भोलीपल्ट | ३१ औ दिनको ठिक १२:००वजे सम्म मरिण गाउँ कार्यपालीकाको कार्यालयमा | ३१ औ दिनको ठिक २:०० वजे सम्म मरिण गाउँ कार्यपालीकाको कार्यालयमा |
| **उत्खनन् गरिने नदितथाखोलाहरू:**-मरिण खोलाको सखौरी, मुग्रे, नक्कली, सहान, वडिमुहान, धमिले र वाह्विसे क्षेत्र | | | | | | | | | |

**ठेक्का सम्बन्धीशर्तहरू**

(१) फर्महरुको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र, मुल्यअभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, कारवाहीवाकालो सुचिमा नपरेको स्वघोषणा, अख्तियार नामा र वोलपत्रफारम दस्तुर वापत राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय कपिलाकोटमा रहेको यस कार्यालयको धरौटी खाता नं. १०६०३०३००७१०४ माभौचर भरी वोलपत्र पेश गर्न चाहाने वोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp वाट मात्र **download** तथा **upload** गर्न सक्ने व्यवस्था गरिएकोछ।

(२) सुचना प्रकाशन भएको मितिले ३१ औ दिनको १२:०० वजे सम्म E-bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयका **Website centralize EGP Portal** www.bolpatra.gov.np मा **Annex to Bidding data sheet for provision of E-bidding** मा सबै कागजहरु **Scan** गरि **PDF format** मावोलपत्र पेश गर्न सकिनेछ।

(३) ठेकेदार र गाउँपालीका विच ठेक्का सर्त सम्वन्धमा कुनै विवाद उठेमा कार्यापालिकाको निर्णय अन्तिम र मान्यहुनेछ। वोलपत्र स्वीकृत भै सम्झौता हुदा स्वीकृत **IEE** र वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलीत ऐन नियमअनुसार सर्त तथा बन्देज समेत पालना गर्नु पर्नेछ।

(४) कुनै सर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्रमाथी कुनै कारवाही गरिनेछैन।

(५) परिस्थीतीजन्य कारण देखाइ ठेक्का रकम मामिनाहावा छुट दावीगर्न पाइनेछैन।

(६) वोलपत्र फारामहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिइने छ। म्याद नाघी वा रीत नपुगी प्राप्त भएको वोलपत्रउपर कुनै कारवाहीगरिने छैन।

(७) वोलपत्र स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमानिहित रहने छ।

(८) उल्लेखित सुचनामा आवश्यक कुराहरु संसोधनगर्नु पर्ने भएमा यस कार्यालयको website तथा कार्यालयको सुचना पाटीमा टास गरिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**